आज मिति २०८१/११/०८ गते यस बैजनाथ गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर शाही ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णय गरियो ।

तपसिल

| क. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | भूपाल पुन मगर | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | |
| १२ | भुमिसरा राना | कार्यपालिका सदस्य | |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | |
| १७ | धर्मराज न्यौपाने | सदस्य सचिब एबम प्र.प्र.अ. | |
| १८ | तप्तराज आचार्य | अधिकृत | |
| १९ | | | |
| २० | | | |

प्रस्तावहरु :

१ भुमिहिन दलित भुमिहिन सुकुम्वासी अव्यवस्थित वसोवासी निसा वितरण सम्बन्धमा ।

२ दमकल खरिद सम्बन्धमा ।

३ औधोगिक क्षेत्र समस्या समाधान सम्बन्धमा ।

४ नगर प्रहरी लगायत करार कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा ।

५ सेवा परामर्श रकमबाट योजनाको DPR गर्ने सम्बन्धमा ।

६ गाउँपालिका भित्र होमपाइप खरिद गरी व्यवस्थापन सम्बन्धमा ।

७ महालेखा परिक्षक वेरुजु समिक्षा सम्बन्धमा ।

८ आर्थिक सहायता सम्बन्धमा ।

८ गाउँपालिका स्तरीय मरमत रकम विनियोजन सम्बन्धमा ।

९ विविध सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं १ सम्बन्धमा छलफल गर्दा भुमिहिन दलित सुकुम्वासी अव्यवस्थित वसोवासी निसा वितरण सम्बन्धमा अस्थायी निस्सा वितरण सम्बन्धमा वडा सचिवको आन्तरिक सरुवाका कारण रोकिन गएकोले अस्थायी निस्सा जुनसुकै कर्मचारीको नाम भएता पनि सम्वन्धित वडामा कार्यरत हालवाला वडा सचिवबाट दस्ताखत गराइ निस्सा वितरण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा गाउँपालिकामा चारैतिर सामुदायिक वन तथा मध्यवर्ति सामुदाधिक वन भएको जनसंख्याका आधारमा गाउँपालिकाहरु मध्ये धेरै जनसंख्या भएको गा पा भएको हुनाले दिनानुदिन आगलागि भइ भौतिक तथा मानवीय क्षती समेत हुने हुँदा दमकल खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

प्रकाश बहादुर शाही
अध्यक्ष

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३ | नौबस्ता स्वास्थ्य चौकी पक्की पर्खाल निर्माण वडा नं ३ बाँके | |
| ४ | बैजनाथ गाउँपालिका वडा नं १,२,३ मा सिचाई कुलो निर्माण | |
| ५ | सिप बिकास तथा आयआर्जन सम्वन्धी कार्यक्रम पालिकास्तरीय | |

प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा आ व २०८२/२०८३ का लागि स्थानीय पुर्वाधार विकास विभाग अन्तरगत तपशिलमा उल्लेखित योजनाहरु माग गरी पठाउने निर्णय गरीयो ।

१) वडा नं ६ र वडा नं ८ जोडने दोन्द्रानालामा पक्की कल्भर्ट निर्माण
२) अष्ट्रिच फर्म देखि रारा मा.बि. जोडने ककवानालामा पक्की कल्भर्ट निर्माण वडा नं १
३) निमनगर देखि जुमलि टोल जोडने जेठीनालामा पक्की पुल निर्माण वडा नं ५
४) वडानं ५ को भज्यागौडी देखि डिगीया सम्म जोडने सडक कालोपत्रे
५) गढरहि देखि रामपुर हुदै गुनापुर सम्मको सडक कालोपत्रे
६) वडा नं ६ को पल्लागाउँमा सडक कालोपत्रे

प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा आ व २०८२/२०८३ का लागि स्थानीय पुर्वाधार विकास विभाग अन्तरगत तपशिलमा उल्लेखित योजनाहरु माग गरी पठाउने निर्णय गरीयो ।

क) वडा नं ६ को वडा कार्यालय निर्माण
ख) बैजनाथ गाउँपालिकाको प्रशासनिक भवन थप निर्माण

प्रस्ताव नं ५ का सम्बन्धमा छलफल गर्दा तपसिलमा उल्लेखित संस्थाहरुलाइ आर्थिक सहायता शिर्षकबाट तपसिलमा उल्लेखित रकम सहायता रकम उपलब्ध गराउने निर्णय गरीयो ।

१ बैजनाथ गाउँपालिका स्तरीय किसान महासंघ रु १००००
२ बैजनाथ गाउँपालिका स्तरीय थारु संघ रु १००००

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नं ५ का लागि रु २ लाख ५० हजार वडा नं ६ का लागि रु २ लाख ५० हजार वडा नं ७ का लागि रु २ लाख ५० हजार र वडा नं ८ का लागि रु २ लाख ५० हजार विनियोजन गरी सम्बन्धि वडा कार्यालयको सिफारिश बमोजिम आवश्यकता अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ७ प्रस्ताव नं ७ का सम्बन्धमा छलफल गर्दा महालेखा परिक्षकको कार्यालयबाट आ व २०८०/२०८१ को बेरुजु प्रारम्भिक प्रतिवेदन प्राप्त हुन आयको देखियो उक्त बेरुजुका विषयमा समिक्षा गरीयो र फछ्र्यौट हुन सक्ने बेरुजु फर्छ्यौटका लागि अविलम्ब तोकिएको मितिमा प्रतिकृया सहित फर्छ्यौटका लागि प्रकृया अगाडी वढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८ प्रस्ताव नं ८ का सम्बन्धमा छलफल गर्दा तपशिलमा उल्लेखित संस्था तथा व्यक्तिहरुलाई आवश्यक प्रकृया पुर्याई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल :

१ पुष्पा वि क बैजनाथ वडा नं ६ औषधी उपचार ६ हजार

२ ब्रम्हाकुमारी इश्वरीय विश्वविधालय राजयोग प्रशिक्षण केन्द्र बैजनाथ रु १० हजार

३ भिम वहादुर दर्लामी बैजनाथ वडा नं १ औषधी उपचार रु ६ हजार

४ नेपाल मजदुर किसान पार्टी रु १० हजार

५ नेपाल मगर संघ बैजनाथ रु २० हजार

६ नेपाल समाजवादी पार्टी १० हजार

७ नेपाल क्रिकेट संघ वैजनाथ १५ हजार

८ फक्कु थारु वैजनाथ ५ लाइ रु ६ हजार

प्रकाश बहादुर शाही
अध्यक्ष

बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँके
२०७४